# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०० | काठमाडौं | मंगलबार, १६ साउन २०८० | Prabhab National Daily | Tuesday, August 1, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# कोशीमा आज नयाँ सरकार




- दुई गठबन्धन 'नेक टु नेक' अवस्थामा हुँदा मुख्यमन्त्रीमा कसको दाबी पर्छ भन्ने अन्योल
- साँझ ५ नबजी निचोडमा नपुग्ने भन्दै प्रतिक्रिया दिनबाट पन्छिँदै नेताहरु
- काठमाडौंमा विभिन्न चरणमा गठबन्धनबीच छलफल हुँदा कांग्रेसका उद्धव थापालाई नै मुख्यमन्त्री दिने भनिए पनि निर्णय गोप्य

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कोशी प्रदेशले आज नयाँ नेतृत्व पाउँदै छ । प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८ को उपधारा(२) बमोजिम सरकार गठनका लागि दाबी पेस गर्न तोकेको समावधि साँझ ५ बजे सकिनेछ । त्यसैले उक्त अवधिमा कोशीले नयाँ मुख्यमन्त्री पाउने भएको हो ।

प्रदेशमा नयाँ सरकार गठन कसको नेतृत्वमा हुन्छ ? भन्ने रोचक मोडमा पुगे पनि कसले दाबी गर्लान् भन्न सकिने अवस्था छैन । दुई गठबन्धन 'नेक टु नेक' रहेकाले नेताहरू पनि अन्योलमै देखिन्छन् । आज साँझ ५ नबजी निचोडमा नपुग्ने भन्दै प्रतिक्रिया दिनबाट उनीहरू पन्छिरहेका छन् ।

### मुख्यमन्त्रीमा थापाकै चर्चा

एमालेबाट मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्कीले असार १५ गते बहुमत गुमाएसँग कांग्रेस नेतृत्वको गठबन्धनका सरकार बन्यो । कांग्रेसका ४०, माओवादीबाट सभामुख बाबुराम गौतमसहित १३, नेकपा एकीकृत समाजवादीबाट चार, जनता समाजवादी पार्टीबाट एक गरी ४७ जनाको हस्ताक्षर लिएर कांग्रेसका उद्धव थापा मुख्यमन्त्री बने असार २२ गते । उनको सरकार गठन भएकै दिन एमालेका कार्कीले सभामुखको हस्ताक्षर संविधानविपरीत भएको उल्लेख गर्दै सर्वोच्चमा रिट दायर गरे । साउन ११ गते थापा सर्वोच्चको आदेशबाट पदमुक्त भए ।

यद्यपि, नयाँ मुख्यमन्त्रीको चर्चामा उनै थापा अगाडि छन् । कांग्रेस वृत्तमा मुख्यमन्त्री थापा नै हुने चर्चा छ । संस्थापनइतरका नेता डा. शेखर कोइरालाले उनको पक्षमा बोल्न थालिसकेका छन् । सभामुखको हस्ताक्षर प्रयोग गरी थापा मुख्यमन्त्री बन्दा विरोधमा उत्रिएका कोइरालाले अब कांग्रेसकै नेतृत्वमा सरकार बन्ने बताएका हुन् ।

शुक्रबार विराटनगर विमानस्थलमा शेखरले थापा नै मुख्यमन्त्री बन्ने विश्वास व्यक्त गरे । थापा केन्द्रमा कृष्णप्रसाद सिटौला निकट नेता हुन् । केन्द्रमा महामन्त्री विश्वप्रकाश शर्मा, ज्ञानेन्द्र कार्की, शेखर, सिटौलाजस्ता शक्तिशाली नेता रहेकोले कांग्रेसकै पक्षमा माहोल बन्ने बताउँछिन् कांग्रेस सहमहामन्त्री महालक्ष्मी उपाध्याय । 'माओवादी, राप्रपासँग मिलाएर कांग्रेसकै उद्धव थापा मुख्यमन्त्री बनाउने कुरा छ,' सहमहामन्त्री उपाध्यायले भनिन् ।

### निर्णय गोप्य राख्ने सहमति

शनिबार बिहान गठबन्धनका शीर्ष नेताबीच कोशीको सरकार बनाउने विषयमा छलफल भयो । कांग्रेसका सभापति शेरबहादुर देउवा, उपसभापति एवं उपप्रधानमन्त्री पूर्णबहादुर (बाँकी पृष्ठ २ मा)

गौर हत्याकाण्ड

# उपेन्द्र–प्रभुको शक्ति संघर्ष

- ७ चैत २०६३ को गौर घटनाको अझै भएन अनुसन्धान
- घटनामा माओवादीका २७ जना कार्यकर्ताको हत्या भएको थियो
- तत्कालीन मधेसी जनअधिकार फोरम र माओवादी कार्यकर्ताबीच मञ्चको विषयलाई लिएर उत्पन्न विवाद हिंसात्मक बनेको थियो
- मधेसमा उपेन्द्र–प्रभुको राजनीतिक शक्ति संघर्षकै उपज गौरकाण्ड फेरि उचालिएको आरोप




■ **जेबी योञ्जन**

**काठमाडौं-** चर्चित गौर हत्याकाण्डको पीडित परिवारका सदस्यहरू साढे १६ वर्षपछि एकाएक न्यायको याचनासहित सडकमा ओर्लिएका छन् । 'नरसंहार' भनिने हत्याकाण्डमा तत्कालीन नेकपा माओवादीका २७ जना कार्यकर्ताको ज्यान गएको थियो । उनीहरूकै परिवारका सदस्य वर्षौंअघि किटानी जाहेरी पर्दा पनि अनुसन्धानको दायरामा कुनै पनि आरोपीलाई प्रहरीले नल्याएपछि आन्दोलित भएका हुन् ।

पीडित परिवारका सदस्यहरूले गौर हत्याकाण्डका मुख्य योजनाकार जनता समाजवादी पार्टी (जसपा)का अध्यक्षसमेत रहेका सांसद उपेन्द्र यादवलाई किटान गरेका छन् । प्रहरीमा दिएको किटानी जाहेरीमा पनि उनको नाम छ ।

७ चैत २०६३ मा रौतहटको गौर बजारमा तत्कालीन मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरूबाट माओवादी कार्यकर्ताको बर्बरतापूर्वक हत्या भएको थियो । ११५ जना घाइते भएका थिए । तर, घटनामा संलग्नमध्ये कोही पनि आजसम्म पक्राउ परेका छैनन् । उनीहरू सबै जोगिएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगले गत १९ पुसमा किटानी जाहेरी दरखास्त उपर कुनै कारबाही, अनुसन्धान गरी अभियोजन गर्ने कार्य नदेखिएको विवरण सार्वजनिक गरेको थियो ।

सोही क्रममा हत्या घटनाबारे अनुसन्धान कार्य अघि नबढाउने जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुख प्रहरी उपरीक्षक योगेश्वर रोमखामी र मानवअधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी पूरा नगर्ने तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, तत्कालीन प्रहरी उपरीक्षक रामकुमार खनाल, सशस्त्र प्रहरी नायव उपरीक्षक धर्मानन्द सापकोटा र नायव उपरीक्षक कामाख्या नारायण सिंहलाई सेवामै बहाल रहेको अवस्था भएमा विभागीय कारबाही गर्न सरकारलाई सिफारिस गरेको थियो ।

यदि, उनीहरू सेवा निवृत्त भएको अवस्था भएमा आगामी दिनमा राज्यको तर्फबाट कुनै पनि थप अवसर प्रदान नगर्न आयोगले सिफारिस गरेको थियो । आयोगको सिफारिसअनुसार भने हालसम्म केही पनि भएको छैन । घटनामा संलग्न भनिएकाहरू पनि खुलमखुला हिँडिरहेका छन् ।

तत्कालीन मधेसी जनअधिकार फोरम र हालको जनता समाजवादी पार्टी (जसपा) का प्रमुख सचेतक प्रदीप यादवले भने कोही कसैलाई उपेन्द्र यादव र जसपाका नेता कार्यकर्तालाई पक्राउ गर्न प्रहरीले नसक्ने चुनौती दिए । उनले गृहमन्त्रीले पक्राउका लागि आदेशसम्म दिन नसक्ने बताए । त्यसक्रममा उनले (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार


# रोजगारीका लागि असार महिनामा ५५ हजारभन्दा बढी विदेशिए

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** गत आर्थिक वर्ष २०७९/८० को अन्तिम महिना असारमा रोजगारीका लागि ५५ हजारभन्दा बढी नेपाली विदेशिएका छन् । वैदेशिक रोजागर विभागले सोमबार सार्वजनिक गरेको तथ्यांकअनुसार असारमा ५५ हजार २९९ जना नेपाली नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न देशमा गएका हुन् ।

असारमा विदेशिनेको संख्या गत जेठ महिनाको भन्दा चार हजार १२३ ले न्यून हो । जेठमा ५९ हजार ४२२ जना विदेशिएका थिए । त्यसअघि वैशाखमा ५४ हजार ४५७ जना, चैतमा ६१ हजार ४७८ जना तथा फागुन महिनामा ६१ हजार ८४५ जनाले रोजगारीका लागि विदेश जान श्रम स्वीकृति लिएको विभागको तथ्यांकमा देखिन्छ । गत आवको वैशाख र असारमा अन्य महिनाको तुलनामा कम श्रमिक विदेशिएका छन् ।

गत आवको सुरुआतदेखि नै पहिलो गन्तव्य बनेको मलेसिया जाने नेपाली कामदारहरूको संख्यामा केही महिनादेखि क्रमशः घट्दै गएको देखिएको छ । मलेसिया जान असारमा ११ हजार ८१६ जनाले श्रम स्वीकृति लिएका छन् । यो संख्या जेठ महिनाको भन्दा दुई हजार ३८८ ले कम हो । जेठमा १४ हजार २०४ जनाले श्रम स्वीकृति लिएर गएका थिए । त्यसअघि वैशाखमा १४ हजार ६३४ र चैतमा १६ हजार २५६ जनाले श्रम स्वीकृति लिएर मलेसिया पुगेका थिए । तुलनात्मक रूपमा २०७९ मंसिरदेखि मलेसिया जाने नेपालीको संख्या घट्ने क्रम जारी छ । यद्यपि विभागले सार्वजनिक गरेको तथ्यांकको आधारमा मलेसिया अझै पनि नेपालीहरूको पहिलो गन्तव्य कायमै छ ।




- एक वर्षमा आठ लाख तीन हजार २२१ नेपाली रोजगारीका लागि बाहिरिए, जुन वैदेशिक रोजगारीको इतिहासमा अहिलेसम्मकै सबैभन्दा बढी हो
- गत वर्ष नेपालीहरुको प्रमुख रोजगार गन्तव्यमध्ये मलेसिया शीर्ष स्थानमा

यसैगरी असार महिनामा रोजगारीका लागि कतार जान १० हजार ४३४ जनाले श्रम स्वीकृति लिएका छन् । विभागको तथ्यांकअनुसार गत जेठमा १० हजार ८७७, वैशाखमा १० हजार २३०, चैतमा ११ हजार २४९, फागुनमा ११ हजार ३०३ जनाले कतार जान श्रम स्वीकृति लिएका छन् ।

यस्तै संयुक्त अरब इमिरेट्स (युएई) जान असारमा ११ हजार १५५ जनाले श्रम स्वीकृति लिएका छन् । यसपटक युएईले कतारलाई पछि पारेको छ । साउदी अरेबियामा जान आठ हजार २८ र कुवेतका लागि चार हजार २२१ जनाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । जेठ महिनाको तुलनामा युएई र कुवेत जाने नेपालीको संख्यामा उल्लेख्य वृद्धि भए पनि साउदी जानेको संख्या घटेको छ । उल्लिखित पाँच मुलुकले नै नेपालको बैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशत बढी) ओगटेको देखिन्छ ।

यसैगरी क्रोएसियामा एक हजार ६९, जापानमा ७३९, रोमानियामा ७११, साइप्रसमा ६६४, माल्दिभ्समा ५०४, माल्टामा ४९९, पोल्याण्ड ४८१, बहराइनमा ४५३, ओमान ३१२ जना श्रम स्वीकृति लिएर गएको तथ्यांक छ । सोही अवधिमा इपिएस प्रणालीमार्फत दक्षिण कोरिया जाने नेपालीको संख्या दुई हजार ६२० रहेको छ ।

विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने १७ हजार १० जना छन् भने पहिलोपटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३८ हजार २८९ जना रहेका छन् । असारमा श्रम स्वीकृति लिनेमध्ये सात हजार ५८६ जना महिला रहेको विभागले उल्लेख गरेको छ ।

वैदेशिक रोजगारीमा जानेमा जिल्लागतरूपमा धनुषाबाट सबैभन्दा बढी देखिन्छ । विभागमा श्रम स्वीकृति लिएकामध्ये धनुषाका दुई हजार ६७६ जना छन् । दोस्रो स्थानमा रहेको झापाबाट दुई हजार ५६४ जना विदेश गएका छन् । यस्तै तेस्रो स्थानमा मोरङ परेको छ । यहँबाट दुई हजार २५८ बाहिरिएका छन् । चौथोमा रहेको सिराहाबाट दुई हजार ११८ र पाँचौंमा रहेको महोत्तरीबाट एक हजार ९९२ जना रहेका छन् ।

त्यसैगरी दाङ, चितवन, कञ्चनपुर, बागलुङ, मकवानपुर, रूपन्देही, रौतहट, सर्लाही, सप्तरी, सुनसरी, स्याङजा, कपिलवस्तु, तनहुँ र रसुवाबाट पनि विदेश जानेको संख्या ठूलो रहेको छ । गत आर्थिक वर्षको १२ महिनामा कूल आठ लाख तीन हजार २२१ नेपाली वैदेशिक रोजगारीका लागि विदेशिएको विभागको तथ्यांकले देखाएको छ । यो संख्या वैदेशिक रोजगारीको इतिहासमा अहिलेसम्मकै सबैभन्दा बढी हो ।


जनहितमा जारी सन्देश





**खैजडी र भजन समूह** | काठमाडौंको तारकेश्वर–४ स्थित पुरानो गुह्वेयश्वरी मन्दिर परिसरमा आइतबार खैजडी र भजन समूह भजन गाएर नृत्य प्रस्तुत गर्दै । *तस्बिरः रासस*

## कोशीमा...

पृष्ठ १ बाट जारी

खड्का, महामन्त्री विश्वप्रकाश शर्मा, कृष्णप्रसाद सिटौला बालुवाटार पुगेर प्रधानमन्त्री पुष्पकमल दाहालसँग कुराकानी गरे । उक्त भेटमा कोशी प्रदेशसभामा रहेका शीर्ष तहका नेताहरू पनि सहभागी थिए । उनीहरूले थापालाई नै मुख्यमन्त्री दिने विषयमा कुराकानी भएको भन्दै निर्णय भने गोप्य नै राखेका छन् । गठबन्धनको माहोल बिग्रने र विपक्षीले नयाँ रणनीति बनाउने डरले गठबन्धनले निर्णय गोप्य नै राखेको प्रदेशकै सांसद बताउँछन् ।

### राप्रपासँगको सहमति के ?

शनिबार नै कोशीमा नयाँ सरकार गठबन्धनका शीर्ष नेताहरूले राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग छलफल गरेका थिए । कोशी राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौलाका अनुसार प्याकेजमा कुरा मिले राप्रपा गठबन्धन सरकारमा सहभागी हुने पक्कापक्की छ । 'गठबन्धन दल कांग्रेस, माओवादी, समाजवादीका नेताहरूसँग अध्यक्षज्यूले कुराकानी गर्नुभएको हो,' नेता सिटौलाले भने, 'हामी प्याकेजमा सहमति खोज्छौ । सहमति मिले गठबन्धनसँग सहकार्य हुन्छ भन्ने कुरा भएको छ ।'

यद्यपि यस विषयमा पनि राप्रपामै मतभेद छ । जसकारण राप्रपाले निर्णय गरिसकेको छैन । राप्रपाले एमालेलाई साथ दिए यो गठबन्धनसँग पनि ४६ मत हुन्छ । एमालेसँग ४० र राप्रपासँग प्रदेशसभामा छ सिट रहेको छ । राप्रपाले गठबन्धनलाई साथ दिए कांग्रेस नेतृत्वलाई सजिलो हुन्छ । 'कोशी सरकारका लागि राप्रपासँग गठबन्धनको बैठक बसे पनि राप्रपाले अन्तिम निर्णय दिएन,' कांग्रेस प्रमुख सचेतक भुपेन्द्र राईले भने । राप्रपाले सहमति नदिए गठबन्धनसँग सभामुखको राजीनामा नै अन्तिम अस्त्रका रूपमा प्रयोग गर्ने देखिन्छ ।

### मध्यावधिमा जाने मुडमा छैन प्रमुख दल

कतिपयले गठबन्धनले बहुमत पुऱ्याउन नसके कोशीमा मध्यावधि निर्वाचन हुनेसमेत बताउँदै आएका छन् । संविधानको धारा १६८ का उपधारा २ बमोजिम सरकार नबने उपधारा ३ बमोजिम सरकार गठन हुन्छ । जसअनुसार एमालेका कार्की नै पुन मुख्यमन्त्री हुने छन् । त्यसो भए उनले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने हुन्छ । योसम्बन्धी व्यवस्था उपधारा ६ मा व्यवस्था गरिएको छ । तर मुख्यमन्त्रीले विश्वासको मत नपाए प्रदेश प्रमुखले प्रदेशसभा विघटन गरी छ महिनाभित्र प्रदेशसभाको निर्वाचन हुनेगरी मिति तोक्ने व्यवस्था उपधारा ७ मा गरिएको छ ।

तर, प्रमुख दलहरू नै मध्यावधिमा जाने मुडमा नरहेको दलका नेताहरू नै बताउँछन् । कोशी नामाकरणसँगै अहिले प्रदेशमा जातीय उपस्थितिको आधारमा प्रदेशको नामाकरण गर्नुपर्ने माग उचालिएको छ । यही बेला मध्यावधि गए वातावरण उल्टने खतरा ठूला दलहरूमा रहेको छ । यसैले ठूला दल मध्यावधि चाहँदैनन् । 'एमाले र कांग्रेस नै यहाँ निर्वाचन चाहिरहेका छैनन्, कारण भड्किएको पहिचानवादी आन्दोलन,' कांग्रेसका एक नेताले भने ।

# 'उपत्यकाको सार्वजनिक सवारीमा गुणात्मक परिवर्तन गर्छौं'



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहालले काठमाडौं उपत्यकाभित्रको सार्वजनिक सवारीसाधनमा गुणात्मक र देखिनेगरी सुधार ल्याउन जरुरी रहेकाले त्यसका लागि सरकारले आवश्यक तयारी थालिसकेको बताएका छन् । त्यसका लागि ठूला बस सञ्चालनमा ल्याउनेगरी आवश्यक प्रबन्ध गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले पहल थालिसकेको उनले बताए ।

प्रधानमन्त्रीनिवास बालुवाटारमा यातायात क्षेत्रसँग जोडिएका सरोकारवालाको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले परीक्षणकै रूपमा भए पनि ठूला बस 'बिआरटी' सञ्चालन गरेर यातायातको चाप कम गर्ने तयारी गरिएको बताए । भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले आगामी असोज १ गतेदेखि रत्नपार्क-सूर्यविनायक खण्डमा बिआरटी सञ्चालनको आवश्यक तयारी गरेको छ ।

मन्त्रालयले कार्यालय समयमा सहजरूपमा यात्रुलाई सेवा दिन सो बस चलाउने तयारी गरेको भए पनि प्रधानमन्त्री दाहालले कार्यालय समयभन्दा पछिको समयमा सो बस चलाएर परीक्षण गर्नसमेत सम्बद्ध अधिकारीलाई निर्देशन दिए । उनले त्यसका लागि आवश्यक पर्ने ट्राफिक संकेत, ट्राफिक प्रहरी परिचालन, जनचेतना तथा ट्राफिक बत्तीलगायतको प्रबन्ध गर्नसमेत आग्रह गरे । प्रधानमन्त्री दाहालले सडक संकेतको उचित प्रबन्ध गर्न पनि आग्रह गर्दै आवश्यक तयारी गरेर उपत्यकावासीलाई प्रत्यक्ष रूपमा राहत दिन जरुरी रहेको बताए ।

यस्तै, प्रधानमन्त्री दाहालले साझा यातायातले ल्याएको ४० वटा बस सञ्चालन गर्ने वातावरण बनाउन पनि मन्त्रालयलाई निर्देशन दिए । साझा यातायातले आयात गरेको विद्युतीय बस चार्जिङ स्टेसन नभएको भन्दै सञ्चालनमा ल्याउन सकेको छैन । साझा यातायाताको पुल्चोकस्थित जग्गामा कति सकिन्छ त्यति नै चार्जिङ स्टेसन निर्माणको प्रबन्ध गर्नेगरी सहजीकरण गर्नुपर्नेमा उनले जोड दिए ।

प्रधानमन्त्री दाहालले उपत्यकामा अन्य स्थानमा पनि चार्जिङ स्टेसन निर्माणको आवश्यक तयारी गर्नुपर्नेमा जोड दिए । उनले त्यसबाहेक मुलुकका अन्य स्थानमा पनि चार्जिङ स्टेसन निर्माणका लागि आवश्यक व्यवस्था गरिहाल्न भौतिक पूर्वाधार तथा यातायत व्यवस्था मन्त्रालयलाई निर्देशन दिए ।

विद्युतीय सवारीसाधनको प्रयोगमा बढोत्तरी हुँदै गएकाले अत्यावश्यक स्थानमा तत्काल चार्जिङ स्टेसनको प्रबन्ध गरिहाल्नसमेत प्रधानमन्त्री दाहालले जोड दिए । नेपाल विद्युत् प्राधिकरणले देशभर निर्माण गरेको ५१ वटा चार्जिङ स्टेसनमध्ये एकाधबाहेक धेरै चार्जिङ स्टेसन सञ्चालनमा ल्याइसकेको छ ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालाले काठमाडौं उपत्यकाको सार्वजनिक यातायात सुधारका लागि मन्त्रालयले आवश्यक पहल थालिसकेको बताए । उनले त्यसैको तयज्ञछारीस्वरूप नै बिआरटी चलाउन लागिएको जानकारी दिए । मन्त्री ज्वालाले यातायात व्यवस्था विभाग, सडक विभागका पदाधिकारी सम्मिलित कार्यदलले अध्ययन गरेर आवश्यक तयारी गरिएको उल्लेख गरे । उनका अनुसार त्यसका लागि ४० सिट ठूला बसको प्रबन्ध गर्न लागिएको छ ।

# महांकाल मन्दिरको पुन:स्थापना गरिन्छ : उपप्रमुख डंगोल

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले पानी टचांकरको ठक्करबाट क्षति पुगेको टुँडिखेलस्थित महांकाल मन्दिरको पुन:स्थापना गरिने बताएकी छन् । सोमबार क्षतिग्रस्त मन्दिरको अवलोकन गर्दै उनले सो जानकारी दिएकी हुन् ।

आइतबार राति ना.२क ४० नम्बरको पानी बोक्ने टचांकरको ठक्करबाट मन्दिरको नयाँ सडकतर्फको कुनामा क्षति पुगेको छ । उपप्रमुख डंगोलसँगै सम्पदा तथा



पर्यटन समितिका संयोजक आशामान संगत, वडा २२ का अध्यक्ष चिनीकाजी महर्जन, कार्यपालिका सदस्य तथा वडाका जनप्रतिनिधि, सम्पदा तथा पर्यटन विभागका अधिकारी, पुरातत्त्व विभाग, गुठी सस्थानका प्रतिनिधिलगायत निरीक्षणमा सहभागी थिए ।

उपप्रमुख डंगोलले मन्दिरका गुर्जु (पुजारी) उज्वल बज्राचार्यसहित स्थानीयबासीसँग घटनाका विषयमा सोधपुछ गरेकी थिइन् । निरीक्षणमा सहभागी जनप्रतिनिधि तथा सदस्य र इञ्जिनियरहरूसँग छलफल गरेपछि उनले मन्दिरमा थप क्षति हुन नदिन तत्काल टेका लगाउन, पानीबाट बचाउन पालले छोप्न निर्देशन दिएकी थिइन् ।

'पुरातत्त्व विभाग, गुठी संस्थान, सम्पदा क्षेत्रका विज्ञ, स्थानीय र सरोकारवालासँगको सुझाव र प्राविधिक अवस्थाका आधारमा मन्दिरमा क्षति पुगेको भागको पुन:स्थापना गरिनेछ,' उपप्रमुख डंगोलले भनिन् ।

## उपेन्द्र–प्रभुको...

पृष्ठ १ बाट जारी

उपेन्द्रको संलग्नता नभएको जिकिर गरे ।

'कसको शक्ति छ ? विनाकारण पक्राउ हुन्छ ? को हो गृह मन्त्रालय ? राज्यले त प्रमाण खोज्छ नि ? गौरकाण्डको छ ?,' उनले प्रभावसँग भने, 'कसैको तागत छैन कि उपेन्द्रजीलाई थुन्नका लागि । किनकि, उपेन्द्रजी कहीँकतै दोषी हुनुहुन्न ।'

उनले माओवादी कार्यकर्ताहरू तत्कालीन मधेसी जनअधिकार फोरमको कार्यक्रम सभामा गएर निहुँ खोजेपछि प्रतिकारको क्रममा २७ जनाको हत्या भएको बताए । तर, मानवअधिकार आयोग, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायत निकायको अध्ययन प्रतिवेदनहरूको निष्कर्षले भने यादवको दाबीलाई खण्डित पारिदिएको छ । ती निकायहरूको प्रतिवेदनको मूल सार फोरमका कार्यकर्ताहरूले प्रतिकारस्वरूप भन्दा पनि योजनाबद्ध रूपमा नरसंहार मच्चाएको उल्लेख छ ।

यो निकै पुरानो हत्याकाण्डका पीडित परिवारलाई न्यायका लागि भन्दै सडकमा उतार्नेचाहिँ प्रभु साह हुन् । पूर्वमाओवादी नेता साह हाल आम जनता पार्टी (आजपा)का सांसद छन् । उनले यतिबेला धेरै वर्ष पुरानो हत्याकाण्डको मुद्दालाई बोक्नुलाई अर्थपूर्ण ठानिएको छ ।

एकथरीले यसलाई जसपा अध्यक्ष उपेन्द्र यादव र प्रभुको मधेसमा राजनीतिक शक्ति संघर्षको रूपमा विश्लेषण गर्दै आएका छन् । अर्काथरीले विभिन्न अधिकारीवादी संगठनहरूको सिफारिस र पीडित परिवारहरूको मागलाई सम्बोधन गर्ने उद्देश्यसँग जोडेर हेरेका छन् । साहले चाहिँ कानुनी शासनको आभाष दिलाउन हत्याकाण्डको मुद्दा बोकेको बताए ।

'हामी दण्डहीनता चाहन्छौं । त्यो कानुनी शासनमा हुने हो तर अझैसम्म गौरका पीडित परिवाहरू अन्यायमै छन्,' उनले भने, 'उनीहरूलाई न्याय दिलाउन मेरो भूमिका आवश्यक छ ।'

मृतकका परिवारले हालसम्म सरकारबाट कुनै राहत तथा क्षतिपूर्ति प्राप्त गरेका छैनन् । मानवअधिकार आयोगले मृतक व्यक्तिका प्रत्येक परिवारलाई कम्तीमा प्रतिव्यक्ति तीन लाखको दरले यथाशीघ्र क्षतिपूर्ति उपलब्ध गराई तीन महिनाभित्र आयोगमा जानकारी गराउन भनेको थियो । तर त्यो पनि कार्यान्वयनमा आएको छैन । घाइतेलाई नि:शुल्क उपचार गराउन पनि आयोगले सरकारलाई निर्देशन यसअघि नै दिएको थियो । यो निर्देशनको पालना पनि भएको छैन ।

गौर हत्याकाण्डको पृष्ठभूमि भने फोरम र माओवादीको भ्रातृ संगठन मधेसी मुक्ति मोर्चाको प्रतिशोधी र तीक्ततापूर्ण व्यवहारलाई ठानिएको छ । घटना घटेका बेला फोरम अध्यक्ष यादव थिए । साह मधेसी मुक्ति मोर्चाका महासचिव थिए । उनै साहले अहिले यादवको राजनीतिक भविष्य थप संकटतिर धकेलिदिएका छन् ।

घटनामा भने फोरमतर्फबाट सुरुमा मधेसी मुक्ति मोर्चाको मञ्च भत्काउने तथा तोडफोड गर्ने कार्य भएको आयोगको प्रतिवेदनमा उल्लेख छ । त्यसको प्रतिरोधमा पहिलो गोली मधेसी मुक्तिमोर्चाको तर्फबाट चलेको पनि आयोगले जनाएको छ । त्यसको प्रतिकारमा फोरमका तर्फबाट माओवादीहरूलाई पूर्वतयारी गरी नियोजित रूपमा नियन्त्रणमा लिई अमानवीय र क्रुर ढंगले हत्या गरेको जनाएको छ ।

त्यसबेला माओवादी महिला कार्यकर्तालाई बलात्कार गर्नु, स्तन काटिनु, महिलाका जननेन्द्रीयहरूमा लक्षित गरी कुटपिट गरिनु, व्यक्तिहरूको हत्या गर्ने तरिका प्रायः एउटै हुनु, अपरिचित व्यक्तिहरूलाई लखेटीलखेटी लाठी भाटा, रड, भालाजस्ता हतियारले कुटीकुटी वा घोचीघोची मारेको, जलाएको, मारिसकेपछि बौद्धिमाईको मन्दिर वरिपरि मृतकको शव घुमाई मूर्तिमा रगत चढाएको भनी आयोगले जनाएको थियो । यी आधारले गौर घटना पूर्वनियोजित, मनसाययुक्त र क्रुर तरिकाबाट गराईको निष्कर्ष पनि आयोगकै थियो ।

यति पासविक ढंगको गौरकाण्डलाई पूर्वमाओवादी नेता साहले उठान गरेका हुन् । तर, सरकारमातहतको निकाय गृह मन्त्रालयले के गर्छ ? निश्चित छैन । किनभने २७ जना आफ्ना कार्यकर्ताले ज्यान गुमाएको दल माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री छन् । दाहालकै सरकारमा उपेन्द्रको दल जसपा पनि छ । यी आधारले गौरकाण्डका पीडित परिवार हरूले तत्काल न्याय पाउने सम्भावना न्यून रहेको विश्लेषण हुँदै आएको छ ।


**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य सेवा निर्देशनालय**

## स्वास्थ्य सेवा कार्यालय

**रुकुम पश्चिम**

## आधिकारिक आपूर्तिकर्ता (विक्रेता ) मा सुचिकृत हुन र दररेट पेश गर्ने बारे को सूचना


**प्रथम पटक प्रकाशित मिति २०८०/०४/१६ गते**

यस अस्पतालका तपसिल बमोजिमका मेशिनरी उपकरणमा प्रयोग हुने प्रोप्राराइटरि मालसामान (close item) को रूपमा आ.व २०८०/०८१ मा खरिद गर्न का लागि सम्बन्धित उत्पादक कम्पनीका आधिकारिक बिक्रेता को सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ एवं नियमावली २०६४ को नियम ८५ बमोजिम सुचिकृत हुन इच्छुक कम्पनी /फर्म हरू ले नवीकरण सहित को फर्म दर्ता प्रमाणपत्र, मु.अ.क. दर्ता प्रमाणपत्र, सम्बन्धित कम्पनि को आधिकारिक बिक्रेताको प्रमाणपत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि हरू सहित उल्लेखित मेशिनमा लाग्ने प्रयोग हुने सामान फिल्म, केमिकल आदिको दररेट सहित सूचना प्रकाशित भएको मिति ले १५ दिन भित्र कार्यालय खुलेको दिन सुचिकृत हुन यो सूचना प्रकाशन गरिएको छ/उल्लेखित सामान आपूर्ति गर्ने एक भन्दा बढी सोही कम्पनी का आधाकारिक बिक्रेताको दररेट पेश हुन आएमा कम दररेट कबोल गर्ने आपूर्तिकर्ता सँग सम्झौता गरी सामान आपूर्ति को व्यवस्था गरिने छ । आवश्यक कागजपत्र पेश नगरेका र म्याद नाघी आएका निवेदन माथी कुनै कारबाही गरिने छैन ।

**तपसील**

| क्र.सं. | उपकरणको नाम | कम्पनीको नाम | मोडेल नं. |
|---|---|---|---|
| १. | coulter counter (5 part) | Mindray | Medonic M-Series M32B |
| २. | CLIA | Mindray | CL-900i |
| ३. | Biochemistry fully Auto Analyser | Mindray | BS-360E |
| ४. | Electrolyte Analyger | Horron | H-900 |
| ५. | Electrolyte Analyger | Human | Humalyte plus 3 |
| ६. | coulter counter (5 part) | Mindray | Hemax 530 AL |
| ७. | Dry Flurescene Immunoassay | Lansianbio | LS-1100 |
| ८. | Digital X-ray 500MA Allenger With CR System(Konica) 5KVA | Konica | E7239X |
| ९. | Digital X-ray 500MA With DR System(Trimax) 35Detector Bond | Trimax | E7239X |

**नि. स्वास्थ्य सेवा व्यवस्थापक**
**स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम**



**हलेसीमा भक्तजनको भीड** | 'बोलबम' मेलाको अवसरमा प्रसिद्ध धार्मिकस्थल खोटाङको हलेसीमा सोमबार पूजाअर्चना गर्न लामबद्ध बसेका भक्तजन । *तस्बिर: केदार मगर/रासस*

डेंगी संक्रमण

# १० जिल्लामा मात्र ८७ प्रतिशत बिरामी

**काठमाडौं–** डेंगी भाइरसको संक्रमण पाँच हजारभन्दा बढीमा देखिएको छ । तीमध्ये आधा जति सुनसरी जिल्लामा देखिएको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ।

महाशाखाका निर्देशक रुद्रप्रसाद मरासिनीका अनुसार गत पुसयता मात्र पाँच हजार ६८८ जनामा संक्रमण देखिएको छ। सबैभन्दा बढी सुनसरी जिल्लामा तीन हजार ४८६ जनामा डेंगीको संक्रमण देखिएको छ।

उनले लगातार परिरहेको पानीले गर्दा र सरसफाइमा ध्यान नदिँदा संक्रमण दैनिक बढिरहेको बताए। यही साउन १० गते चार हजार छ सय १९ जनामा देखिएको संक्रमण त्यसपछिको पाँच दिनमा त्यो संख्या बढेर पाँच हजार ६८८ मा पुगेको छ।

डेंगी पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्छ र ती फुलबाट लार्भा निस्कन्छ र त्यही लार्भा वयस्क भएर टोकेपछि डेंगी रोग लाग्दछ।

यसपटक कोशी प्रदेशमा संक्रमण बढेको पाइएको छ । कोशी प्रदेशमा तीन हजार ८२१, बागमती प्रदेशमा ९६२, गण्डकी प्रदेशमा ३५७, सुदूरपश्चिम प्रदेशमा ३२५, लुम्बिनी प्रदेशमा १७०, कर्णाली प्रदेशमा २७ र मधेस प्रदेशमा २६ जनामा संक्रमण देखिएको छ।

### १० जिल्लामा बढी संक्रमण

नयाँ देखिएका बिरामीमध्ये चार हजार ९३९ (८७ प्रतिशत) बिरामी १० जिल्लाका रहेका छन् । सबैभन्दा बढी सुनसरी जिल्लामा तीन हजार ४८६, धादिङ ६५५, कास्की २०८, दार्चुला १९१, काठमाडौं ९६, संखुवासभा ७५ जना, म्याग्दी ५८, मोरङ ५७, कञ्चनपुर ५७ र झापा ५६ जनामा डेंगीका बिरामी भेटिएका छन् ।

नेपालमा पहिलोपटक सन् २००४ मा एक जनामा डेंगी देखिएको थियो । मन्त्रालयले लामखुट्टेबाट बच्नका लागि सधैं झुल टाँगेरमात्र सुत्न, खेतबारीमा काम गर्दा लामो बाहुला भएको लुगा लगाउन, घरको झ्याल ढोकामा जाली हाल्न अनुरोध गरेको छ । *रासस*

# रैथाने खाना प्रवर्द्धन गर्न 'चौरासी व्यञ्जन प्रतियोगिता'



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली खानपानलाई बजारीकरण र सेफहरूलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ 'व्यञ्जन अवार्ड' तथा 'व्यञ्जन प्रतियोगिता'को दोस्रो संस्करण हुने भएको छ । चौरासी व्यञ्जन समूहको आयोजनामा हुने प्रतियोगिताबारे सोमबार पत्रकार सम्मेलन गरी जानकारी दिइएको हो ।

प्रतियोगितामा भाग लिनका लागि सोमबारदेखि नै आवेदन खुला गरेको छ । प्रतियोगिता तथा अवार्डका लागि आगामी भदौ १० गतेभित्र आवेदन फाराम भर्न सकिने समूहका अध्यक्ष प्रेमलाल घिसिङले जानकारी दिए ।

सोही अवसरमा सत्कार पेसामा आबद्ध सेफ तथा होटल, रेस्टुरेण्ट व्यवसायीहरूलाई 'चौरासी व्यञ्जन अवार्ड तथा सम्मान'प्रदान गरिने उनले बताए । 'पुराना सेफहरूलाई राज्य र काम गरेको संस्थाबाट कुनै सम्मान र प्रोत्साहन नभएकोले यस प्रतियोगित र अवार्डले सम्मान गर्न लागिएको हो,' अध्यक्ष घिसिङको भनाइ छ, 'उनीहरूमा भएको सीप र कलाको पुस्तान्तरणमा यस कार्यक्रमले सहयोग गर्ने अपेक्षा छ ।'

लामो समयदेखि नेपाली खानपानको बारेमा विभिन्न अध्ययन, अनुसन्धान खोज तथा संकलन गर्दै आइरहेको चौरासी व्यञ्जन समूहले नेपाली परिकारहरूलाई बजारमा स्थापित गर्ने उद्देश्यका साथ प्रतियोगिता आयोजना गर्न लागेको जानकारी दिएको छ । अध्यक्ष घिसिङले देशभर १०१ दिन घुमेर अध्ययन, अनुसन्धान र संकलन गरेको नेपाली रैथाने लोक तथा मौलिक खानपानलाई बजारमा स्थापित गराउने लक्ष्य रहेको बताए ।

रैथाने खानाले बजार नपाएको अवस्थामा यस किसिमको कार्यक्रमले बजारीकरणमा सहयोग पुग्नुका साथै प्रचारप्रसार पनि हुने अपेक्षा भएको अध्यक्ष घिसिङले बताए । उनले भने, 'नेपाली बजारमा रेथानेको खाना माग बढाउन सक्नुपर्छ । परिकार नै बनाउँदैनन् । नेपाली परिकार र सत्कारका लागि राज्यलाई पनि दबाब दिन यो कार्यक्रम आयोजना गरिएको हो ।' विदेशी पर्यटकलाई नेपाल आउँदा तथा नेपालबाट जाँदा नेपाली हवाइजहाजमा नेपाली खानाले सत्कार गर्नुपर्ने पनि समूहको माग छ ।

प्रतियोगिताको फाइनल कार्यक्रम २६ असोजमा हुने जानकारी दिइएको छ । प्रतियोगितामा १४ वटा विषयवस्तुमा ८४ व्यञ्जनको प्रतियोगिता हुने अध्यक्ष घिसिङले बताए ।

## मधेस प्रदेशमा छैटौं पटक मन्त्रिपरिषद् विस्तार

**धनुषा (प्रस)–** मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले मन्त्रिपरिषद् विस्तार गरेका छन् । उनले गृह तथा सञ्चारमन्त्रीमा नेपाली कांग्रेस सप्तरीका मोहम्मद समीम र श्रम तथा यातायातमन्त्रीमा जनमत पार्टीका चन्दन सिंहलाई सोमबार नियुक्त गरेका छन् । मुख्यमन्त्रीको उपस्थितिमा प्रदेश प्रमुख हरिशंकर मिश्रले नवनियुक्त दुवै मन्त्रीलाई शपथ गराए ।

मुख्यमन्त्री यादवले जनता समाजवादी पार्टी जसपाबाट विनाविभागीयमन्त्री रहेकी सुरिता साहलाई मुख्यमन्त्री कार्यालयमा राखिने जानकारी दिए ।


**भुल सुधार**

मिति २०८०/०४/१५ गते यस प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा अथर्व बहुउद्देश्यीय सहकारी संस्था लि.ले प्रकाशन गरको **कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना**मा ऋणी तथा जमानीको विवरणमा तत्कालिन हामी सबैको बचत तथा ऋण सहकारी संस्थाको नाम उल्लेख हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ । साथै यसबाट सम्बन्धित सरोकारवालामा पर्न गएको असुविधाप्रति हामी क्षमाप्रार्थी छौं ।

**अथर्व बहुउद्देश्यीय सहकारी संस्था लि.**
चुच्चेपाटी ७, काठमाडौं, फोन: ०१-४५७४४०२, ४४९५४०२



**निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

(सूचना प्रकाशित मिति २०८०/०४/१६ गते)

उर्लामा तमाङकी नातिनी, याङ्चा तमाङकी छोरी, रुपचा तमाङकी पत्नी, कञ्चनपुर जिल्ला, पुनर्वास न.पा., वडा नं ०३ (साबिक कालिका गाउँ पञ्चायत वडा नं.०३, कञ्चनपुर) बस्ने बेजोम तमाङको मिति २०७९/१२/१३ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको खुसीबु शाखा अर्न्तगतको छाउनी विस्तारित काउण्टरमा रहेको बचत खाता नं.१९००२६४६९४४००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको पतिले यस बैंकको खुसीबु शाखा अर्न्तगतको छाउनी विस्तारित काउण्टर मा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय खुसीबु अर्न्तगतको छाउनी विस्तारित काउण्टरमा हकदावी गर्न आउनुहोला । म्याद भित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौ ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय खुसिबु, छाउनी विस्तारित काउण्टर, काठमाण्डौ
फोन नं. ०१-५३७२९५६/४३६०५७१



**Malaysia तथा Japan मा रोजगार**

**1. Eco Footprint Sdn. Bhd., Malaysia**

पूर्व स्वीकृती मिति: २०८०/०४/१४ | चलानी नं. ६०२०५३९६ | LTNo. : 289637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Construction Workers | 100 | साधारण | 1500 | ४३,७०४।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्व.मा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | नि:शुल्क |

**अन्तरवार्ता २०८० साउन २३ गते ( 8 August, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।**

**2. Work Japan Cooperative , Fukuoka, Japan**

पुर्व स्वीकृती मिति: २०८०/०४/१५ | चलानी नं. ६०२०५४२७ | LT No.: 290108

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Interior Decoration Finishing/Car. | 3 | कामसम्बद्ध | 180000 | १,६६,१५४।- | क.नि. अनुसार | ७.५ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु.५०,०००/- |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च : रु ५०,०००/-**
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान अन्तर्वार्ता : प्रा. लि. को कार्यालयमा २०८०/०४/२३ गते (8 August, 2023) हुनेछ ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् । २) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । ३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् । ४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् । ५) अनिवार्य रुपमा विमा गराउनुहोस् । ६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् । ७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुराबुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ । ८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस् । ९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् । १०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**नोट: जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ । जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**चन्द्रमा ओभरसिज प्रा. लि.** श्रम ईजाजत न.: ४१३/०६०/६१
ज्वागल, कुपण्डोल, ललितपुर फोन : ०१-५०११२५६, ५०११२५८
Email: info@chandrama.com | Web: www.chandrama.com



**नाम परिवर्तन सम्बन्धी सार्वजनीक सूचना**

तेस्रो प्रटक प्रकाशित मिति २०८०/०४/१६
यस कम्पनीको मिति २०८०/०४/०३ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार मुकुमलुङ कन्स्ट्रक्सन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरि श्री कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०८०/०३/०७ को निर्णयानुसार मुकुमलुङ कन्स्ट्रक्सन प्रा.लि.को नाम परिवर्तन गरि मुकुमलुङ कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि. कायम गरिएको सम्बन्धीत सबैमा जानकारी गराउदछौं ।

प्रधान कार्यालय
मुकुमलुङ कन्स्ट्रक्सन एण्ड सप्लार्यस प्रा.लि.
फाल्गुनन्द, पाँचथर



**कोठा खाली गर्ने सम्बन्धी ७ दिने सूचना**

ललितपुर महानगरपालिका वडा नं. १४, थसीखेल स्थित कि.नं. २७४ मा बनेको मेरो घरमा तपाई आशा जोशीले कोठा भाडामा लिई बस्दै आउनु भएकोमा विगत २ वर्षदेखि कुनै सम्पर्क नभएको र कोठामा चाबी लगाई हिड्नु भएकोले उक्त कोठा खाली गर्न यो ७ दिने सूचना जारी गरिएको छ । सो समयभित्र कोठा खाली नगर्नु भएमा कानुन बमोजिम कार्वाही गरिने व्यहोरा जानकारी गराउँदछु ।

घर धनी
मीना श्रेष्ठ ९८४१९७४६३७
ललितपुर



**उर्लाबारी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, मोरङ, नेपाल**

**उर्लाबारी नगरपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश**

**यस नगरपालिका सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक तथा राजनीतिक पक्षको विकासमा निरन्तर रुपमा योजनाबाट तबरल कार्यसञ्चालन गर्दै आएको छ । आर्थिक, भौतिक र सामाजिक पक्षको विकासका साथै मानवीय पक्षको विकासलाई एकैसाथ लैजान अपरिहार्य हुन्छ । आजको बालबालिकाले नै भविष्यमा समाजको नेतृत्व गर्दै समृद्ध समाज निर्माणमा सहयोग गर्छन् । बालबालिकाहरुका लागि आवश्यक पर्ने सेवाहरुको गुणस्तरमा सुधार ल्याई बालअधिकार सुनिश्चित गर्न बालबालिकाहरुलाई वर्तमानमा नै साझेदार बनाई सभ्य र दक्ष जनशक्तिसहितको समृद्धि बनाउन बालबालिकाहरुमा लगानी गर्दै बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्न २०७६ पुसबाट बालमैत्री स्थानीय शासन घोषणान्मुख अभियान यस गाउँपालिकामा सञ्चालन भई रहेको हामीलाई सर्वविदितै छ ।**

- जन्मदेखि ६ महिनासम्मका बालबालिकाहरूलाई अन्य कुरा नखुवाई आमाको दुधमात्र खुवाऔं ।
- सबै बालबालिकाहरूलाई पोषणयुक्त खानेकुरा खुवाऔं ।
- ५ वर्ष मुनिका बालबालिकाहरूलाई भिटामिन ए र जुकाको औषधी खुवाऔं ।
- गर्भवती आमाहरूलाई गर्भावस्थामा नियमित ४ पटक गर्भजाँच र प्रसुति पनि स्वास्थ्य संस्थामा नै दक्ष स्वास्थ्यकमीबाट गराऔं ।
- सुत्केरी पश्चात आमा र नवजात शिशुको तीन पटक स्वास्थ्य जाँच अनिवार्य गराऔं (२४ घण्टामा, ३ दिनमा र ७ दिनमा) ।
- गर्भावस्थामा र सुत्केरी भएको पैतालिस दिनसम्म २२५ वटा आइरन चक्की नबिर्सि खुवाऔं ।
- चर्पीको प्रयोग गरौं, खाना पकाउन र खान अगाडि दिसा गरेपछि, बालबालिकाको दिसा धोएपछि, साथै फोहोर बस्तु छोएपछि साबुन पानीले मिचीमिची हात धुने बानी बसालौं ।
- पाँच वर्ष पुगेको सबै बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय भर्ना गराऔं ।
- आफ्ना छोरीछोरालाई कम्तिमा पनि कक्षा आठसम्मको शिक्षा दिऔं ।
- आफू र आफ्ना बालबालिकाहरूको सरसफाईमा विशेष ध्यान दिऔं ।
- घरपरिवारमा र समुदायमा हुने निर्णय प्रक्रियामा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराउँदै आफ्ना छोरीछोराहरूलाई जिम्मेवार बन्ने अवसरको सृजना स्वयम् अभिभावकहरू आफैंबाट सुरूवात गरौं ।
- स्थानीय तहका सबै क्षेत्र र निकायहरूमा बालबालिकाहरूको अर्थपूर्ण सहभागिता गराई बाल अधिकारको सुनिश्चितता गरौं ।
- बालमैत्री संरचना र पूर्वाधारको निर्माण गरौं ।
- छोरीछोरालाई पूर्णरूपमा बालमैत्री वातावरणमा हुर्कने अवसर प्रदान गरौं र बालमैत्री स्थानीय शासनयुक्त यस नगरपालिका बनाउँदै सभ्यताको परिचय दिऔं ।



**शिक्षक आवश्यकता**

श्री हिमालयन शेर्पा बुद्धिष्ट आधारभूत विद्यालयमा रिक्त रहेको आधारभूत तह नि.म.वि. तृतीय श्रेणी राहत दरवन्दीमा करार अस्थायी नियुक्ति गर्नु पर्ने भएकाले यो सुचना प्रकाशित गरिएको छ। तपशिलको योग्यता पुगेका उम्मेदवारबाट रितपूर्वकको दरखास्त दिन सक्ने छन् ।

**दरखास्त सर्त सिमा र आवश्यकता**
१. विज्ञापन नं. १२०८०/०८१
२. पद: आधारभूत तह तृतिय श्रेणी (नि.मा.वि). राहत शिक्षक महिला दरबन्दी
३. सेवा : राहात करार
४. विषय : नेपाली
५. पद संख्या : १
६. तलब स्रोत : नेपाल सरकारले तोके बमोजिम
७. तलब भत्ता : नेपाल सरकारको प्रचलित नियमानुसार
८. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
**९. आवश्यक कागजातहरू :**
क) नेपाली नागरिकताको प्रतिलिपि २/२ प्रति
ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि २/२ प्रति
ग) आधारभूत तह (नि मा वि) अध्यापन अनुमति पत्रको प्रतिलिपि २/२ प्रति
घ) निरोगिताको प्रमाण पत्र सक्कल प्रति १ प्रति
१०. परीक्षाको किसिम : लिखित, मौखिक आवश्यक परेमा कक्षा अवलोकन
११. परीक्षा दस्तुर : रु २०००। (फिर्ता नहुने गरी )
१२. दरखास्त दिने अन्तिम मिति :२०८०/०४/१२ देखि २०८०/०४/१८ गते कार्यालय समय भित्र १३. परीक्षाको पाठ्यक्रम : शिक्षक सेवा आयोगले तोकेको आधारभूत तहको पाठ्यक्रम
१४. सम्पर्क स्थान : श्री हिमालयन शेर्पा बुद्धिष्ट आधारभूत विद्यालयको कार्यालय
१५. परीक्षा हुने स्थान : सोलुदुधकुण्ड नगरपालिका शिक्षा शाखा
१६. परीक्षा मिति : सम्पर्क मितिका दिन तोकिने छ।

**पुनश्च : माथिल्लो योग्यता भएका दलित महिला, जनजातिलाई विशेष प्राथमिकता दिइने छ साथै आधार भूत तह करार सुचीमा रहेका महिला उमेदवारको निवेदन पर्न आएमा अरुको निवेदन फिर्ता गरिनेछ ।**

**गोविन्द बहादुर बस्नेत**
**प्रधानाध्यापक**
**श्री हिमालयन शेर्पा बुद्धिष्ट आधारभूत विद्यालय**
**सोलुदुधकुण्ड नगरपालिका वडा नं. -२ फुग्मोछे, सोलुखुम्बु**
**सम्पर्क (प्र.अ.) ९८६२९८४४६४**

प्रभाव दैनिक National Daily

सम्पादकीय

## चामलको भाउमा निगरानी गर

भारतले चामल निर्यातमा कडाइ गरेसँगै व्यापारी भाउ बढाउने दाउमा लागेका छन् । नेपाली बजारमा व्यापारीले यही मौका छोपेर चामलको भाउ धमाधम बढाउन थालेका छन् । साउनको पहिलो हप्ता भारतले बासमतीबाहेकका अरु चामल निर्यातमा प्रतिबन्ध लगायो । भातविना नेपाली भान्सा चल्दैन । भारतबाट चामल नआउँदा भान्सा प्रभावित हुने निश्चित छ । भारतले धान उत्पादन कम हुने भन्दै निर्यातमा कडाइ गरेको हो । निजी क्षेत्रले थाहा पाएर भाउ बढाइसक्दा सरकार भने यसबारे बेखबर छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यसबारे भारतले आधिकारिक खबर पठाइनसकेको दाबी गरेको छ । नेपालमा सबैभन्दा धेरै चामल भारतबाट आउँछ । त्यसो त नेपालले चामलभन्दा धेरै धान नै आयात गरेको तथ्यांकले देखाउँछ । धान आयातमा भारतले रोक लगाएको छैन । गत आर्थिक वर्ष २०७९/८० मा भारतबाट नेपालमा १९ अर्ब ९९ करोड रूपैयाँको धान आयात गरेको देखिन्छ ।

यो आर्थिक वर्षमा करिब १५ अर्ब रूपैयाँ हाराहारीको चामल आयात भएको तथ्यांक छ । धान आयात नरोकेकोले नेपाली बजारमा चामलको अभाव नहुने देखिन्छ । तर, व्यापारीलाई के निहुँ पाउँ, कनिका बुक्याउँ भनेझैं भएको छ यो बेला । मौकामा चौका दाउ छोपिहाल्छन् । धन कमाउने बेला यही हो भन्दै कालोबजारी गर्न पल्केकाहरूलाई सरकारले संयन्त्र बनाएर नियन्त्रण गर्नुपर्ने बेला यही हो ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीमा असोज महिनासम्म पुग्ने चामलको मौज्दात रहेको जनाएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार कम्पनीमा मौज्दात चामलले दसैंसम्मको माग धान्छ । यद्यपि, व्यापारीलाई केही न केही सानो निहुँ भए पुगिहाल्यो । केही समयअघिसम्म व्यापारीले रुस–युक्रेन युद्धलाई कारण देखाउँदै विभिन्न खाद्यवस्तुमा मूल्य बढाइरहेका थिए । तेलदेखि चिनीसम्मको मूल्य बढाएका व्यापारी अब खाद्यन्नतिर आकार्षित छन् । चामल निर्यातको कमी हुँदा गहुँदेखि मकैसम्मको भाउ कस्ने रणनीति व्यापारीले बनाउँछन् । अहिले भने भारतको कडाइलाई प्रमुख कारण देखाउँदै मूल्य बढाएको छ ।

यस्तो अवस्थामा सरकारले चामलको भाउमा विशेष निगरानी गर्नुपर्छ । यही बेला अभाव देखाउँदै गुणस्तरहीन चामलसमेत बिकाउने धन्दा चल्न सक्छ । त्यसैले सर्वसाधारणलाई कमसल चिजमा नफसोस् र महँगीमा नपरोस् । यसका लागि विशेष अनुगमन टोली बनाउनुपर्छ । चामलको भाउ मनपरि होइन, सरकारले तोकेको भाउमा होस् । नभए कालाबजारियालाई कारबाही गर्नेगरी विशेष संयन्त्र नै गठन होस् ।

# रसुवागढी–केरुङ नाकामा ट्रक कन्टेनरका समस्या



भीमज्वाला राई

दुई देशबीचको नाकामा उत्पन्न समस्याहरु यो चालक सहचालक, व्यवसायीहरुको निजी समस्याहरु होइनन् । यो समस्या देशकै समस्या हो । यो समस्या तत्काल समाधान गर्न सरकारले ध्यान दिनुपर्दछ । चालक सहचालकहरु भनेका नेपाल र चीनबीचको दुईदेशीय सम्बन्धका सेतु हुन् । काठमाडौंदेखि रसुवागढीसम्मको पहाडी विकटता र जीर्ण सडक पूर्वाधारमा मालसामान ढुवानी गर्नुपर्ने जोखिमसँगै प्रवेश अनुमतिपत्र नपाउँदाको पीडा झन् असह्य बनेको छ । वास्तवमा यो भनिरहनुपर्ने समस्या नै होइन । यसले हाम्रो प्रशासन संयन्त्र कस्तो छ भन्ने दुर्दशाको एउटा नमूना देखाउँछ ।

नेपाल र चीन सीमामा रहेका नाकाहरूमध्ये रसुवागढी-केरुङ नाका ऐतिहासिक व्यापारिक नाका हो । प्राचीनकालमा नेपाल र भोटबीचको प्रमुख व्यापारिक नाका यही थियो । नेपाली र चिनियाँ व्यापारीहरू यही नाका हुँदै एकअर्काका देशमा व्यापार गर्न आवतजावत गर्ने गर्दथे ।

लिच्छवीकालमा चीनका स्रङचङ गम्पोसँग विवाह गरेकी अंशुवर्माकी छोरी भृकुटी माइतीघर आउजाउ यही नाकाबाट गर्ने गरेको इतिहास छ । लामो इतिहास बोकेको रसुवागढी नाका त्रिशूली, गल्छी हुँदै काठमाडौंसम्मको दूरी १२८ किलोमिटर छ । रसुवागढी नाका हुँदै ९५० ट्रक कन्टेनरले चीनको केरुङबाट मालसामानहरू ढुवानी गरेर नेपाल आयात गरिरहेका छन् ।

रसुवागढीस्थित टिमुरे बजार छेउबाट बग्ने भोटेकोशी नदी नेपाल र चीन सीमा नदी हो । सीमा पार गरेर २४ किलोमिटर दूरीमा रहेको केरुङबाट नेपाली ट्रक कन्टेनरले मालसामान ढुवानी गर्दै आएका छन् । सुरुआती दिनदेखि नै नेपाली ट्रक कन्टेनरलाई चीनले आफ्नो भूमिका प्रवेश अनुमति दिएको छ तर ट्रक कन्टेनरका चालक सहचालकहरूलाई भने चीन प्रवेश अनुमतिपत्र दिएको छैन । मालसामान ढुवानी गर्न केरुङ हिँडेका ट्रक कन्टेनर अर्कै चालक (व्यक्ति) को जिम्मा लाएर पारी केरुङ पठाउनुपर्छ । त्यसका चालक सहचालकहरू भोटेकोशी नदी वारितर्फ नेपाली भूभागको टिमुरेमै बस्नुपर्छ । अर्थात् नेपाली ट्रक कन्टेनरका चालक सहचालकहरूलाई चीन प्रवेश अनुमति छैन ।

नेपाल सरकार गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाले रसुवागढी नाकाबाट चीन प्रदेश गर्ने अनुमतिपत्रसम्बन्धी कार्यविधि २०७६ जारी गरेको छ । उक्त कार्यविधिमा चार प्रकारको चीन प्रवेश अनुमतिपत्रको व्यवस्था गरेको छ । यसमा सवारी चालक प्रवेश अनुमतिपत्र, कामदार प्रवेश अनुमतिपत्र, व्यवसायी प्रवेश अनुमतिपत्र र एक दिने प्रवेश अनुमतिपत्र रहेका छन् । तर, नेपाली अध्यागमन विभागले कार्यविधिमा व्यवस्था भएको अन्य व्यक्तिहरूका लागि व्यवस्था गरिएको एकदिने प्रवेश अनुमतिपत्र र नेपाल-चीनबीचको २०६८ पुस ३० गतेको सम्झौता अनुसारको चीनसँग सीमा नाका जोडिएको जिल्लावासीलाई चीनको ३० किलोमिटरसम्म जान दिने प्रवेश अनुमतिपत्र मात्रै जारी गरेको छ । कार्यविधिले व्यवस्था गरेअनुरूप चालक, सहचालक तथा व्यवसायीलाई प्रवेश अनुमतिपत्र नदिएका कारण ट्रक कन्टेनरका चालक सहचालक चीन प्रवेशमा प्रतिबन्धित बनेका हुन् ।

चालक सहचालकहरूलाई अध्यागमन कार्यालयले चीन प्रवेश अनुमतिपत्र नदिएपछि रसुवागढी नाकाको टिमुरे पुगेका ट्रक कन्टेनरहरू चीनको केरुङ पुऱ्याएर मालसामान लोड गरी टिमुरेसम्म चलाउन चीनको प्रवेश अनुमतिपत्र भएका रसुवा जिल्लावासी चालक खोज्नुपर्ने बाध्यता चालक, सहचालक तथा व्यवसायीहरूको छ । प्रवेश अनुमतिपत्रवालालाई एक पटक लैजाँदा र ल्याउँदा १५ हजार रूपैयाँ पारिश्रमिक दिनुपरेको व्यवसायीहरूले पीडा रहेको छ ।

केरुङसम्म जानका लागि आफ्ना चालकहरूले प्रवेशपत्र नपाएपछि व्यवसाय र लगानी जोगाउनका लागि भए पनि रसुवावासी प्रवेशपत्रवाला चालक खोज्नुपर्ने बाध्यता रहेको छ । लाइसेन्स नभए पनि गाडी चलाउन आउँछ भनेकै भरमा रसुवावासीलाई लाखौंको गाडी जिम्मा लगाएर चीन पठाउनुपर्ने बाध्यता व्यवसायीको छ । त्यसरी गाडी जिम्मा लगाएर पठाउँदा हाम्रा गाडीहरू चीनमै अलपत्र छाडिदिने, दुर्घटना गराइदिने, सामानहरू हराइदिने तथा अवैध सामानहरू ओसार पसार गर्ने गरेकाले समस्या उत्पन्न भएको व्यवसायीहरूको गुनासो छ ।

२०७६ भदौ २५ गते मन्त्रीस्तरीय निर्णयबाट रसुवागढी नाकाबाट चीन प्रदेश गर्ने अनुमतिपत्रसम्बन्धी कार्यविधि २०७६ जारी गरेपछि भदौ ३० गते अध्यागमन विभाग कालिकास्थान, काठमाडौंलाई गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाले शाखा अधिकृत अनुनय बाँस्तोलाले दुईवटा विषयलाई उल्लेख गर्दै पत्राचार गरेका थिए । उक्त पत्रमा तुरुन्त रसुवागढी, टिमुरे अध्यागमन कार्यालयलाई आवश्यक कार्यार्थ लेख्ने र छपाइ (प्रवेश अनुमतिपत्र) गर्नुपर्ने भए सोही कार्यालयले गर्ने गरी आवश्यक व्यवस्था मिलाउने भनिएको छ । तर, अहिलेसम्म त्योपत्रले दिएको कार्यादेश पूरा हुन सकेको छैन ।

गृह मन्त्रालयको कार्यादेश पूरा हुन सकेको भए कार्यविधि २०७६ को परिच्छेद् २ को (२) को (क) को व्यवस्था अनुसार सवारी चालक प्रवेश अनुमतिपत्र श्रमिकहरूले पाउने थिए र यस्तो समस्याको सिर्जना हुने नै थिएन । यस विषयमा अध्यागमन कार्यालय टिमुरे, रसुवा, भन्सार कार्यालय रसुवाका प्रमुख, जिल्ला प्रशासन कार्यालय रसुवाका प्रमुख जिल्ला अधिकारीसँग संवाद गरिएको छ । उनीहरू सबैको एउटै जवाफ थियो माथिबाटै यसको पहल हुनुपर्छ, दुई देशबीचको उपल्लो तहबाटै यस समस्याको समाधान खोजिनुपर्दछ । अध्यागमन विभागका अनुसार चाँडै समस्याको समाधान हुने जनाएको छ । दुई देशबीचमा कुरा भएको छ यस समस्यालाई किनारा लगाउने गरी अन्तिम छलफलमार्फत पहल थालिने जनाएका छन् ।

नेपाली पक्षले चीनले अवरोध गरेकाले समस्या आएको बताएका छन् । चालक सहचालकहरूलाई दिइने भनी कार्यविधिले बनाएको मापदण्ड अनुसारको प्रवेश अनुमतिपत्र अध्यागमन विभागले दिएर चीन पक्षबाट रोकिएको हो भने अवरोध भन्न मिल्छ । तर, अहिलेसम्म कुनै पनि चालक सहचालकहरूले कुनै किसिमको प्रवेश अनुमतिपत्र वितरण नै नगरेको मात्रै होइन, प्रवेशपत्र नै प्रकाशन नगरेको अवस्थामा चीनले अवरोध गरेकाले समस्या आयो भन्नुको के औचित्य हुन्छ र ! यस्ता कुराले दुई देशबीचको सम्बन्धमा अविश्वास बढ्न सक्छ ।

रसुवावासीका लागि वारिपारि गर्ने अनुमतिपत्र पाउने हुँदा यो सुविधा उपयोग गर्दै कमाउने उद्देश्यले रसुवाबाहेक अन्यन्त्रका व्यक्तिले पनि विभिन्न प्रक्रिया पूरा गरी जिल्लावासी भएको प्रमाण पेस गरेर प्रवेश अनुमतिपत्र लिएको पाइएको छ । यो काममा मिलेमतो भएको र यसमा ठूलो आर्थिक चलखेल भएको आशंका जिल्लावासीले गरेका छन् । कतिपय दलाल र कमिसनखोरहरूका कारण रसुवा जिल्लालाई नै बद्नाम गराउने कामसमेत भइरहेको उनीहरूको भनाइ छ । यस्ता गलत क्रियाकलापहरू भएको थाहा पाइसकेपछि त्यसलाई निस्तेज बनाउँदै कानुनसम्मत प्रवेशपत्रको व्यवस्था गर्न आवश्यक प्रक्रिया प्रारम्भ गरिसकेको गोसाइँकुण्ड गाउँपालिकाका अध्यक्ष केसाङ तामाङको भनाइ रहेको छ ।

दुई देशबीचको नाकामा उत्पन्न समस्याहरू यो चालक सहचालक, व्यवसायीहरूको निजी समस्याहरू होइनन् । यो समस्या देशकै समस्या हो । यो समस्या तत्काल समाधान गर्न सरकारले ध्यान दिनुपर्दछ । चालक सहचालकहरू भनेका नेपाल र चीनबीचको दुईदेशीय सम्बन्धका सेतु हुन् । काठमाडौंदेखि रसुवागढीसम्मको पहाडी विकटता र जीर्ण सडक पूर्वाधारमा मालसामान ढुवानी गर्नुपर्ने जोखिमसँगै प्रवेश अनुमतिपत्र नपाउँदाको पीडा झन् असह्य बनेको छ । वास्तवमा यो भनिरहनुपर्ने समस्या नै होइन । यसले हाम्रो प्रशासन संयन्त्र कस्तो छ भन्ने दुर्दशाको एउटा नमूना देखाउँछ ।

सरकारले स्वीकृत गरेको कार्यविधि २०७६ अनुसार तत्काल चालक सहचालकलाई प्रवेश अनुमतिपत्रको व्यवस्था गर्नुपर्दछ । यदि त्यसलाई चीनले अवरोध गर्छ भने नेपालले कूटनीतिक हिसाबबाट पनि समाधान निकाल्नुपर्छ । चालक सहचालकविनाको ट्रक कन्टेनर हुँदैन, मालसामान ढुवानी गर्न चालक सहचालकमात्रै होइन अब ट्रक कन्टेनरहरू पनि तिम्रो देशमा पठाउँदैनौं भन्ने हिम्मत गर्नुपर्छ । *रासस*

***(लेखक नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका अध्यक्ष हुन्)***

## मनन्योग्य

### चाणक्य नीति

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छ । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए । क्रमशः




## गौडामा समाउँदै, चिट थमाउँदै

'ढिला गए अवश्य पुगिन्छ, चाँडो गए भन्न सकिन्न ।' ट्राफिकको नारा भनौं कि सन्देश । यो सन्देश सडक सुरक्षासँग मात्र जोडिएको छैन । मानिसको हरेक जीवनमा लागू गर्न सकिन्छ । तर, नेपालमा सेतो टोपी लगाएर सिठ्ठी फुक्नेहरूका लागि त मज्जा पो छ त गौडा कुर्ने च्याप्प समाउँदै झ्याप्प चिट थमाउने ।

सेता टोपीहरूलाई माथिको जे आदेश त्यही गर्ने हो नियम कानुन यस्तै हो । दुई पांग्रेमा खुरुरु दौडियो, यसो हेऱ्यो मुड चल्यो, दिमागमा खेल्यो, टच्याक्क रोक्यो अनि चक्कामा ताला ठोक्दियो हिँड्यो । त्यसको बाजेको के जान्छ ! सवारी चलाउनेलाई जुनबेला नि त्रास नै त्रास । मापसे भन्यो, ट्राफिक नियम भन्यो, युटर्न भन्यो... कहाँलाई पार्किङ, कहाँ नो पार्किङ । सकेसम्म रुखको झ्याङमा बस्यो । कुना कन्तरामा लुक्यो चिट काटि गो ।

किन काट्यो थाहा छैन, के कारण काट्यो थाहा छैन । अब के हुन्छ त्यो पनि थाहा छैन । न चिट काट्नेलाई थाहा छ न चिट बोक्केलाई थाहा छ । नेपालको ट्राफिक नियम उस्ताको उस्तै छ । माथिको आदेश आज फलानो चोकबाट १०० जना, फलानो चोकबाट २०० जनाको चित हुनपऱ्यो, सक्यो । सेतो टोपी लगाएर टिरिऽ रिऽर सिठ्ठी फुक्नेसँग सडकमा कराएर साध्य छैन । दुई चोरका कारण ९८ सोझाले दुःख पाउँछन् । अनि एउटा सेतो टोपीका कारण ९९ सेतो टोपीले गाली खान्छन् ।

खाउन्न त ! जाबो गाली नै त हो । हद भने चोर भन्लान् । डाका भन्लान् । घुस्याहा भन्लान् । एक छिन झोक्का-झोक्की गर्लान् । लाइसेन्स आफ्नै हातमा बिल बुक, आफ्नै पेटीमा कसको के जान्छ । मिल्दै मिल्दैन । बग्गीखाना जानूस्, एक घण्टा निद्रा लाग्नेगरी फलाकेको सुन्नुहोस् । अनि पैसा तिरेर फर्कनुस् ।

त्यो पनि ठीकै हो, कम्तीमा सडक सुरक्षाको कथा त सुन्न पाइन्छ । केही जानकारी त पक्कै पाइन्छ । तर, पढाउनेलाई भन्दा पढ्नेलाई बढी थाहा छ । पढाउनेले नियम पढाउँछ, तर उसैले नियम पालना गर्दैन । गौडा कुरेकै भरका चिर्कटो भिडाउँछ । होस् कि नहोस् उहाँ हजुरलाई झोंक चलेपछि माथिको आदेश छाड्नै मिल्दैन । किन रोकेको सोध्नै मिल्दैन । क्या गज्जबको पावर छ है !

हुन त सबैभन्दा शक्तिशाली ड्रेस लगाएपछि कस्ता-कस्ता त डराउँछन्, जाबो सवारी चालक । सेतो टोपीले गर्नै नहुने त कहाँ गरेको हो र ? अति पो गरेको त । मटयाङ्ग्रा हजुरबाले भन्थे रे, तँ हेर म हेर, ठाउँ हेर अनि बेला हेर ! कति हेर्नु जति हेरे पनि हेरेको हेरै भो त ।

अरुलाई थितिमा बस भन्न त आफू पनि थितिमै बस्नुपरो नि होइन र ? सेतो टोपीले अरुलाई गौडा कुरेजस्तो कहाँ हुन्छ र ? खै नियमअनुसार दिएको ? खै चिह्न देखाएको, कहाँ रोक्ने ? कहाँ नरोक्ने ? कताबाट फर्कने कताबाट नफर्कने ? उसको नाइकेले राम्रै मलजल पाए टु वे ? मलजल नपाए वन वे ! आज पार्किङ भोलि 'नो पाकिङ' ? हिजो ट्राफिक लाइट आज हातैले लेफ्ट राइट !

कुनबेला सवारी जाम, कुनबेला चेकिङको जाम । कुन ठाम । जे मन लाग्यो त्यही गर्न पाम । हरे शिव । सेतो टोपीको करामत । सोझालाई अपरम्पार । घुरेर हेर्नेका लागि लम्पसार । नियम कानुन मान्नेलाई च्याप्प, नियम नमान्ने तोरीलाहुरेलाई चाहिँ आँखा झ्याप्प । आँखै झ्याप्प भएपछि त देख्नु कुरा पनि त आएन । देख्दै नदेखेपछि कसको बाउको के लाग्छ ।

तर, जसले जे सुकै भनोस् । गौडा कुर्ने काम र चिट थमाउने काम लुटमाथिको लुट हो । नियम लगाउने हो, पारदर्शी ढंगले । तर, भइरहेको छ आदेश रंगले । रंग न ढंगले अगाडि बढ्दा जे पनि हुन्छ । त्यही भएर त नियम भनेको जति स्पिड बढाए पनि कुद्दै नकुद्दे भटभटे समातेर साइकल चलाको जस्तो किन भन्न पाइन्छ ? अलि धेरै कुदायो ४० बाट किन बढाको भन्न पाइन्छ ? जुन रोग हो त्यसैको पो उपचार गर्नु परो नि । बहाना बनाएर दुःख दिने काम त चोरै काम हो ल ?

काठमाडौंका सडक हेर्दै वैरागलाग्दो ! ठाउँमा-ठाउँमा प्वाल । कुन दिन कुन दुलोमा पर्ने हो थाहै छैन । करोडौं खर्चेर सडक कुनामा ट्राफिक लाइट अनि सधैं पनि दाहिने हातले के को लेफ्ट राइट ? सेतो टोपीले किन गौडा कुर्ने ? पुलमुनिको रोकेकाले कसलाई सकस दिएको हुन्छ । पांग्रा बन्द गर्नुपर्ने ? खाली जनतालाई दुःख दिने सेतो टोपी हो कि सहजीकरण गर्ने टोपी हो । अहिले त सेतो टोपीको नाम निकै भाको छ बदनाम ।

ऊ बेला सलाम हान्थे, अहिले त कर्के नजर हान्छन् । पहिले जनावर मार्न गौडा कुर्ने चलन थियो, अहिले सवारी चालक पिर्न सेतो टोपीहरू गौडा कुर्न थाल्या छन् । माथिको आदेश पालना गऱ्या छन् दुःख मान दिन जान्या छन् । प्रशंसा खाने दिन गए अब सेतो टोपीका । गाली खाने दिनमात्र हो अब त । विश्वास गर्न पनि मुश्किल । चोरले हो गौडा कुर्ने, डकैती गर्ने हो छिर्के हान्ने ! रुखमुनि लुकेर त डाँका डाल्ने हो ? अहिले त सेतो टोपीका टोलीको काम त्यस्तै हो । गौडा कुर्ने, छिर्की हान्ने । बिरालोले मुसा ढुकेर बसेजस्तै नदेखिने ठाउँमा लुकेर मुसा मार्न खोज्ने त ढाँडे बिरालो पो हुन्छ ! कुनबेला दुलोबाट आउला र च्याप्प समातेर कुप्लुक्कै खाउँला भन्ने ।

सेतो टोपीको आफ्नै नाम छ । आफ्नै स्वाभिमान त छ । गौडा कुरेर बदनाम किन बन्नुपरेको हो गाँठे ? सेतो टोपीलाई डकैती नबनाऊ न हो । पारदर्शी बनाऊ । नियममा बस्न बाध्य बनाऊ । यो त अति नै भो नि मायालु भनेजस्तै गौडा कुर्ने, च्याप्प समातेर झ्याँप्प चिट काट्ने । सेतो टोपीको सान भइरहेको छ बदनाम । आऊ-आऊ च्याप्प समाऊ, मन लागेको जति जरिवाना कटाऊ ।

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# जुम्लामा जथाभावी औषधि पसल सञ्चालनमा

**जुम्ला–** सदरमुकाम खलङ्गा बजारमा जथाभावी औषधि पसल सञ्चालनमा आएपछि जिल्ला प्रशासन कार्यालयले अनुगमन गरेको छ। प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे नेतृत्वको टोलीले सदरमुकामका आठ मेडिकलमा छापा मारेको बताए ।

उक्त मेडिकलमा मनपरी औषधि बेचेको, एक व्यक्तिको लाइसेन्समा अर्को व्यक्तिले मेडिकल खोलेर बसेको, औषधि र क्लिनिकको अनुमति नलिई सञ्चालनमा भेटिएको प्रजिअ घिमिरेले जानकारी दिए। डाक्टरको सिफारिसविनै जथाभावी औषधि वितरण गर्दा बिरामीको ज्यानै जानसक्ने जोखिम हुने भएकाले कानुनी प्रक्रिया पूरा गरी मेडिकल सञ्चालन गर्न निर्देशन दिइएको छ ।

यहाँका कर्णाली मेडिकल हल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको परिसरभित्र रहेको शिव मेडिकल हल, रावत मेडिकल हल, ओम मनिष पोलिक्लिनिक तथा रेफरल सेन्टर, चन्दननाथ औषधि पसल, बुद्धथापा स्वास्थ्य क्लिनिक, लक्ष्मी क्लिनिक र रामारोशन दाँत उपचार केन्द्रमा जिल्लास्तरीय सरोकारवालाको टोलीले अनुगमन गरेको प्रजिअ घिमिरेले बताए ।

दर्ता र अनुमति नलिएरै सञ्चालन गरिएका औषधि पसलले भारतीय औषधिसमेत बिक्री गर्ने गरेको जनगुनासो आएपछि पहिलोपटक सदरमुकामका मेडिकलमा अनुगमन गरिएको छ। स्थानीय तहमा सञ्चालन भएका सबै मेडिकलमासमेत अनुगमन गरिने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

नागरिक समाजका अध्यक्ष राजबहादुर महतले औषधि पसलको नियमित अनुगमन गर्न आवश्यक रहेको जानकारी दिए । सरकारी स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीले समेत अवैध औषधि पसल खोलेका छन् ।

औषधि पसलले गर्भपतन सेवादेखि खोप सेवासमेत अनुमतिविनै चलाउँदा व्यक्तिको ज्यानै जाने जोखिमसमेत हुने भएकाले प्रशासनले विशेष प्रथामिकतामा राखेर काम गर्नुपर्ने नागरिक समाजका अध्यक्ष महतको भनाइ छ । सदरमुकाममा झन्डै ३२ मेडिकल सञ्चालनमा छन् । सोमध्ये १५ मेडिकल अनुमति नलिई सञ्चालनमा आएको जनस्वास्थ्य सेवा कार्यालयले जनाएको छ । *रासस*

# भानु संस्कृत विद्यापीठ बन्द

**डुम्रे–** संस्कृतलाई अन्य भाषाको पनि मातृभाषा मानिन्छ । पूर्वीय दर्शनमा पनि संस्कृतको ठूलो महत्त्व छ । तर, नेपालमा पनि संस्कृत अधयापन गराउने विद्यालय भने विद्यार्थीको संख्या घट्दै जाँदा बन्द चिन्ता पनि थपिएको छ ।

लामो समयदेखि संस्कृत अध्यापन हुँदै आएको राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको भानु नगरपालिका-४ चुँदीरम्घाबेँसीको भानु संस्कृत विद्यापीठ पनि पछिल्लो समय बन्द अवस्थामा छ । पठनपाठन बन्द भएपछि विद्यापीठको भवन यतिबेला जीर्ण बन्दै गएको छ। भवन वरपर घाँस पलाएको छ ।

विद्यापीठका तत्कालीन प्राचार्य पूर्णचन्द्र वाग्ले शिक्षा ऐनका कारण विद्यापीठ बन्द भएको तर्क गर्छन् । 'विद्यार्थी नभएर मात्रै विद्यापीठ बन्द भएको होइन, विद्यार्थी अत्यधिक त थिएनन् तर कारण भने शिक्षा ऐन नै,' उनले भने ।

सरकारबाट विद्यापीठमा मध्यमासम्मको कक्षा सञ्चालनका लागि मात्रै स्वीकृति हुँदा यस्तो अवस्थामा पुगेको वाग्ले बताउँछन् । 'सरकारले शिक्षा ऐन परिमार्जन गरी कक्षा १२ सम्मलाई विद्यालय तहमा ल्यायो, यसका लागि शास्त्री र आचार्य सञ्चालन गर्ने अनुमति चाहिन्छ तर अनुमति नहुँदा विद्यापीठ बन्द भएको हो,' वाग्लेले भने। भानुभक्त आचार्यको पहिचानकै रूपमा रहेको यस विद्यापीठ बन्द हुनु भानुवासीका लागि दुःखद भएको उनको भनाइ छ । 'हरेक क्षेत्रको विकासमा राजनीतिक दलको पनि भूमिका रहन्छ, तर राजनीतिक दलले यसमा ध्यान नदिँदा शास्त्रीको कक्षा सञ्चालन हुन नसक्दा विद्यापीठ बन्द हुन पुगेको हो,' उनले भने । विद्यापीठ बन्द भएपछि प्राचार्य वाग्लेको कास्कीको पोखरास्थित बिन्दवासिनी संस्कृत विद्यापीठमा सरुवा भइसकेको छ। हाल यो विद्यापीठ संघीय सरकार मातहत छ।

नेपाल संस्कृत विश्वविद्यालयका रजिस्ट्रार माधव अधिकारीले विश्वविद्यालयको आ-आफ्नो नीतिअनुसार चल्ने क्रममा भानु संस्कृत विद्यापीठ उत्तरमध्यमा तहसम्म पठनपाठन गराइएको बताए । 'उत्तर मध्यमा तहको पठनपाठन हुँदा छ महिनाको भाषा प्रशिक्षण दिएर संस्कृत अध्ययनका लागि विद्यार्थी भर्ना गरिने गरिएको थियो, सो समयमा विद्यालयमा ११/१२ कक्षा सञ्चालन भएको थिएन,' उनले भने ।

तत्कालीन समयमा विद्यार्थी अध्ययनका लागि आउने क्रम राम्रो थियो। तर, शिक्षा ऐनमा विद्यालय तह कक्षा १२ सम्म भएको तर सोअनुसार उत्तरमध्यमा तहको पढाइ शास्त्री तहमा परिणत गर्न नसक्दा बन्द हुन पुगेको उनको भनाइ छ । 'वेदव्यास संस्कृत माध्यमिक विद्यालयसँग समन्वय गरी अगाडि बढाउने प्रयाससमेत गरेको थियो, सरकारबाट निर्णय हुन सकेन र पूर्णरूपमा बन्द भएको हो,' उनले भने ।

प्राचीन वाङ्मयमा निहीत परम्परागतधर्म, नैतिक मूल्यमान्यता, सदाचार र सच्चरित्रको परिपालना गर्दै संस्कार, सभ्यताजस्ता विशिष्टताको खोजी गरी तिनको संरक्षण र सम्वर्द्धन गर्न संस्कृत भाषा अध्ययन हुने विद्यापीठ पुनः सञ्चालन गर्न आवश्यक भएको सरोकारवालाको भनाइ छ ।

भानु संस्कृत विद्यापीठमा उत्तर मध्यमा तह अध्ययन गरेका विद्यार्थी ओमकार आचार्यले वैदिक धर्मको पहिचान, संस्कार, संस्कृति, परम्परालाई संरक्षण गर्न सहयोग पुऱ्याउने यस्ता विद्यापीठ सञ्चालन हुनुपर्ने बताए । संस्कृत भाषाको संरक्षणका लागि पनि सबै पक्षले चासो दिनुपर्ने उनको भनाइ छ।

'वैदिक धर्म, पहिचान, संस्कार, संस्कृति र परम्पराको संरक्षणमा सहयोग पुऱ्याउने संस्कृत विद्यालय सञ्चालनलाई निरन्तरता दिन अन्य विद्यालयसरह सबैले चासो दिनुपर्छ, अन्य सामुदायिक तथा संस्थागत विद्यालयका लागि विद्यार्थी भर्नाका लागि खोजिए जसरी नै संस्कृत अध्ययनका निम्ति विद्यार्थी खोज्ने, छात्रवृत्तिलगायत विभिन्न शिक्षाको पहुँचका विषयको व्यवस्थापन गर्न सबै पक्षले समन्वय गर्नुपर्छ,' विद्यापीठका स्ववियु पूर्वसभापति समेत रहेका आचार्यले भने ।

स्थानीय मीनबहादुर श्रेष्ठले यहाँ विद्यापीठ सञ्चालनको अवस्थामा विद्यार्थीमार्फत नै भानु जन्मस्थलको प्रचारप्रसार भएको बताए । उनी भन्छन्, 'मुलुकका विभिन्न ठाउँबाट यहाँ संस्कृत विद्या अध्ययनका लागि आउँथे, यसैको माध्यमबाट संस्कृत विद्या र राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको प्रचारप्रसार भएको थियो, अहिले बन्द भएपछि यहाँ नत चहलपहल छ न साहित्यिक प्रचारप्रसार भएको छ ।' *रासस*

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

## स्वास्थ्य सेवा कार्यालय

रुकुम पश्चिम

## शिलबन्दी कोटेशन प्रस्ताव पेश गर्ने बारेको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/०४/१६ गते**

प्रस्तुत बिषयमा रुकुम पश्चिम जिल्ला अस्पतालको हाता भित्र संचालनमा रहेको फार्मेसी तथा प्रयोगशाला सेवा संचालनका लागि आवश्यक पर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरू तथा केमिकल्स रियजेन्ट आपुर्ति गर्न सिलबन्दी कोटेशन प्रस्ताव पेश गर्नका लागि इच्छुक कम्पनि/फर्म/सप्लायर्सहरूले अध्यावधिक नविकरण भएको फर्मको इजाजत प्राप्त पत्र, आन्तरिक राजश्व कार्यालयमा मु.अ.कर दर्ता भएको प्रमाणपत्र, आ.ब. २०७९/०८० सम्मको कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्र र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी सहित मिति २०८०/०४/३१ गते -कार्यालय समय) भित्र यस कार्यालयबाट तोकिएको स्पेशिफिकेसन अनुसार दररेट सहित यस कार्यालयमा सिलबन्दी कोटेसन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो कोटेशन मागको सुचना प्रकाशित गरिएको छ। यस कार्यालयबाट माग भए बमोजिमको प्रत्येक औषधी तथा औषधीजन्य सामाग्रीहरूको MRP मा कम्तिमा २० प्रतिशत भन्दा माथि घटेको हुनुपर्नेछ । यस कार्यालयबाट माग भए बमोजिम सामानहरूको दररेट पेश हुन आएमा आइटम वाइज मुल्याकंन गरी कम दररेट कबोल गर्ने आपुर्तिकर्तासँग यस कार्यालयले नियमानुसार कार्यसम्पादन जमानतपत्र लिइ एक बर्ष सम्मको लागि सम्झौता गरी सामान आपुर्तिको व्यवस्था गरिनेछ ।प्रयोगशाला तथा फार्मेसी संचालनका लागि माग भएको शिलबन्दी कोटेशनको मुल्याकंन छुट्टाछुट्टै गरी सम्झौता भइसकेपछि यस कार्यालयको फार्मेसी तथा प्रयोगशाला शाखामा आवश्यकता अनुसारको औषधी तथा सामाग्रीहरू कबोल गरेको तथा स्वीकृत भएको दररेट अनुसारको माग अनुसारको परिमाण नियमित रूपमा सप्लाइ गर्नुपर्नेछ। आवश्यक कागजात पेश नगरेको र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही गरिने छैन । साथै फर्म आंशिक वा पुरा स्वीकृत वा अस्वीकृत र रद्द गर्ने अधिकार यस कार्यालयमा रहनेछ। कोटेशन पेश गर्ने औषधी तथा औषधीजन्य सामाग्रीहरूको लिष्ट यस कार्यालयको Website : http://hsorukumwest.karnali.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ। यस सम्बन्धी आवश्यक कुराहरू बुझ्नु परेमा कार्यालय समय भित्र फोन नं ०८८-५३०४१० वा मोबाइल नं ९८४७८५४२३९ मा सम्पर्क गर्न सकिनेछ।

**नि. स्वास्थ्य सेवा व्यवस्थापक**
**स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिच**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIN YEN ENTERPRISE SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०४/१५ | LT. No. 290183 | चलानी नं. ६०२०५४३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL WORKER | 5 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य ला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.** Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, E-mail: wh.adm77487@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/१२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१५ | LT. No. 282856 | चलानी नं. ६०१९८२६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 21 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PAHANG ENTERPRISE SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०४/१५ | LT. No. 290137 | चलानी नं.६०२०५४३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 7 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SR GROUP NEPAL PVT.LTD**
श्रम ईजाजत नं. १२५९/०७४/०७५
Bhimsengola, Old Baneshwor, Kathmandu, Nepal
Tel. No. +977-1-4480472/4495335, Fax: +977-1-4489971 P.O. Box: 21269



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पूर्व स्वीकृति मिति २०८०/03/03 | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१५ | LT. No. 287907 | चलानी नं. ६०२०३२८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pipe And Boiler Insulation Labor | 10 | 0 | 1400 | ४९,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**
श्रम ईजाजत नं. ११८२/०७३/७४
Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAPS CAFE SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/१५ | LT. No. 290169 | चलानी नं. ६०२०५४१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 8 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIMA INTERNATIONAL GOURMET BOKES

पूर्व स्वीकृति मिति २०८०/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१५ | LT. No 289698 | चलानी नं. ६०२०४९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 20 | 0 | 1200 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BIOALPHA INTERNATIONAL SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०४/१४ | LT. No. 290156 | चलानी नं. ६०२०५४०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसिया/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : OPS PAPER PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०४/१५ | LT. No. 290180 | चलानी नं. ६०२०५४२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 40 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : AL-SHARIA UNION COMPANY FOR INVESTMENT AND COMMERCIAL DEVELOPMENT

पूर्व स्वीकृति मिति : २०८०/०४/१५ | LT. No. 289712 | चलानी नं. ६०२०५४१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६३,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.** Govt. License 938/067/068
Samakhusi, Ktm, Nepal, TEL: + 977-1-4983080, 4955765
Mobile: 9842381591, 9860684532

# प्रभाव दैनिक


रूपशाला

## 'रावायण' मा दोहोरो भूमिकामा अनमोल

निर्देशक सुदर्शन थापा अहिले नयाँ फिल्म 'रावायण' को तयारीमा छन् । फिल्मको मुख्य भूमिकामा अभिनेता अनमोल केसी देखिने भएका छन् । फिल्मका लागि अनमोल र निर्देशक थापाबीच सम्झौता भैसकेको छ । सुदर्शनले आफ्नै होम प्रोडक्शनबाट यो फिल्म निर्माण गर्न लागेका हुन् । फिल्मको नाम चलचित्र विकास बोर्डमा दर्ता समेत भएको छ । फिल्ममा अनमोलको दोहोरो भूमिका रहने बताइन्छ । फिल्मको अन्य कलाकार छनौटको क्रममा छन् । फिल्मको काम भदौबाट सुरु हुनेछ । फिल्मको कथा शिवम् अधिकारीले लेखिरहेका छन् । अनमोल यसै फिल्ममार्फत पहिलोपटक दोहोरो भूमिकामा देखिन लागेका हुन् । 'रावायण'को अलवा अनमोल फिल्म 'फर्कि फर्किं'मा समेत छिट्टै देखिनेछन् ।




मंगलबार, १६ साउन २०८० (Tuesday, August 1, 2023)


# 'वानर सेना'को पहिलो गीत 'तिम्रो मनमा' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्पण गिरी (अरमान जंग)को डेब्यु निर्देशनमा निर्माण भएको सिनेमा 'वानर सेना'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'तिम्रो मनमा' बोलको गीतमा सिनेमाका मुख्य कलाकार अर्पण गिरी (अरमान जंग) र आरजु प्रसाई फिचर्ड छन् । सार्वजनिक गीतको भिडियोमा उनीहरूलाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ ।

सिनेमाको सार्वजनिक गीतमा निर्देशक गिरीको शब्द रचना तथा स्वर अनि जोन तामाङको संगीत रहेको छ । सिनेमाको कथा पौराणीक रहेकाले पनि दशैंको अवसरमा रिलिज गर्न लागेको जानकारी निर्माण टिमले दिएको छ । सिनेमाको यसअघि सार्वजनिक टिजरले दर्शकमाझ राम्रो छाप छोडेको दाबी निर्देशक गिरीको छ ।

गिरी ग्राण्ड फिल्मस्को प्रस्तुतीमा निर्माण भएकको सिनेमामा निर्देशक अर्पण गिरी (अरमान जंग), आरजु प्रसाई, किशोर खतिवडा, सुरवीर पण्डीत, अर्जुन गुरुङ, किशन बाबु बस्नेत, राजन निरौला, सुनिता श्रेष्ठ, सुरेश साहु, कमला बिष्ट, रमेश सोडारी, युवराज गिरी, राहुल यादव, ज्ञानेन्द्र थापा, बिशाल बराल, बालकलाकार मास्टर अमित पौडेल र बिशेष भुमिकामा कामेश्वर चौरासिया र तेजस्वी बास्कोटाले अभिनय गरेका छन् ।

आगामी दशैंको घटस्थापना अर्थात् असोज २६ गतेबाट प्रदर्शनमा आउने सिनेमामा विनोद सापकोटाको छायांकन, रवी केसीको मेकअप, जोन तामाङ र निर्देशक अर्पण गिरीको संगीत, निर्देशक गिरीको गीत लेखन, प्रविन ढकालको कलर, नारायण रिजालको कोरियोग्राफी, शंकर महर्जन र आरके श्रीको द्वन्द्व निर्देशन, सत्यम राणा र श्रीकृष्ण श्रेष्ठको भिएफएक्स र बन्दे प्रसादको सम्पाद रहेको छ ।

सिनेमाको सम्पुर्ण छायांकन सर्लाही र सप्तकोशी किनारमा गरिएको हो । सिनेमाको कथा, पटकथा तथा संवाद पनि स्वयंम निर्देशक गिरीले नै लेखेका हुन् । युवराज गिरीको लगानी रहेको सिनेमालाई करण श्रेष्ठ क्रेजीका रिच इन्टरटेनमेन्ट र एफडी कम्पनीले वितरण गर्दैछन् ।

# 'मिस स्कार्लेट' को टिजर सार्वजनिक

■ प्रभाव संवाददाता



**काठमाडौं–** कान्तिपुर फिल्म एकेडेमीले निर्माण गरेको सिरीज 'मिस स्कार्लेट' को टिजर सार्वजनिक भएको छ । साइकोलोजिकल थ्रिलर सिरिजको पहिलो सिजन ४ एपिसोडको हुनेछ र प्रत्येक एपिसोड ४५ मिनेटको हुनेछ । यसलाई नेपाली, हिन्दी र अंग्रेजी भाषामा तयार गरिएको छ ।

वीरगन्जमा छायांकन गरिएको यस सिरीजका लेखक तथा निर्देशक बलिराम चौहान हुन् । सिरिजमा गीत विष्ट, कुल श्रेष्ठ, कमल ओझा, आलिसा बास्तोला, कपिल रसाइली, सबी थापा, सुमित्रा अधिकारी, दिलिप नेपालको अभिनय छ ।

प्रकाश पुरी क्रिएटिभ प्रोड्युसर रहेको सिरिजमा शेरबहादुर तामाङको छायांकन छ । यसै सिरिजबाट गीत, कुल र कमलले डेब्यू गरेका हुन् । नेपालको लागि तयार पारिएको यो सिरिज ओटीटी प्लाटफर्म कान्तिपुर सिनेमाजबाट भदौ महिनामा रिलीज गरिनेछ । अन्तर्राष्ट्रिय ओटीटी प्लेटफर्ममा पनि हिन्दी र अंग्रेजी भाषामा रिलिज हुनेछ ।

यस सिरिजको ट्रेलर ओटीटी प्लाटफर्म कान्तिपुर सिनेमाजको घोषणा कार्यक्रममा सार्वजनिक गर्ने निर्माण पक्षले जनाएको छ । विश्व भरिबाट जुनसुकै डिभाईसमा पनि अनलाईन सब्सक्रिप्सन लिएर हेर्न मिल्ने बताईएको छ ।

सार्वजनिक सिरिज टिजर हेर्दा सिरिजको कास्टिङ र लाईन अप पनि नेपाली ओटिटीको लेभल र कन्टेन्टहरूको गुणस्तर राम्रै रहेको देख्न सकिन्छ । ईनिसीयल फेजमा न्युनतम ४८ घण्टाको प्रिमीयम कन्टेन्टबाट प्लेटफर्म सार्वजनिक गरिने र सबै कुराको तयारी पश्चात केही दिनमै प्लेटफर्मको औपचारिक रूपमा घोषणा गर्ने कान्तिपुर सिनेमाजको योजना छ ।

# नयाँ टेलिश्रृंखला 'लफडा' ल्याउँदै राजु मास्टर

■ प्रभाव संवाददाता

**काठमाडौं–** हास्य कलाकार राजु मास्टर अर्थात राजु पौडेलले नयाँ टेलिश्रृंखला 'लफडा' ल्याउने भएका छन् । उनको श्रृंखला भदौबाट प्रसारणमा आउने भएको हो ।

सामाजिक सञ्जाल फेसबुकमा श्रृंखलाको एक प्रोमो सार्वजनिक गर्दै पौडेलले सिरियलको जानकारी दिएका हुन् । उनले केही समयदेखि रोकिएको श्रृंखला 'जुठे' पनि अबदेखि निरन्तर प्रसारणमा आउने जनाएका छन् ।



'अब भने 'जुठे' सँगै कमेडी श्रृंखला 'लफडा' पनि आउने भएको छ', उनले अगाडि लेखेका छन् 'जुठे' पहिलेकै झैं बुधबार र 'लफडा' भदौदेखि आइतबार प्रसारणमा आउनेछ ।' 'लफडा' को बिषयवस्तु बारे भने उनले केही खुलाएको छैनन् ।

नयाँ श्रृंखला 'लफडा' मा राजु पौडेल, अनिता बस्नेत, कृष्ण शिवाकोटी, कमला रेग्मी, श्री थापा, मुकुन्द मैनाली लगायतको अभिनय देख्न सकिनेछ । श्रृंखलाका लेखक तथा निर्देशक उनी आफैं हुन् ।

## रंगशाला

# दक्षिण एसियाली तेक्वान्दोमा १४ खेलाडीले प्रतिस्पर्धा गर्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालका खेलाडीले सातौं दक्षिण एसियाली आइटिएफ तेक्वान्दो च्याम्पियनसिपमा चुनौती प्रस्तुत गर्ने भएका छन् । आगामी अगस्ट ४ देखि ६ तारिखसम्म भारतको हैदरावादमा हुने च्याम्पियनसिपमा नेपालका १४ खेलाडीले प्रतिस्पर्धा गर्ने भएका हुन् । त्यसका लागि १४ खेलाडीसहित २५ सदस्यीय नेपाली टोली सोमबार भारतको हैदरावाद प्रस्थान गरेको छ ।

उक्त टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष शिव कोईराला र नेपाल आइटिएफ तेक्वान्दो महासंघका सदस्य गोपाल श्रेष्ठले सोमबार नै एक कार्यक्रमबीच बिदाइ गरेका थिए । महिलातर्फ फाइटको ४४ केजीमा लीलाकुमारी सापकोटा र सञ्चिता श्रेष्ठ, सविना तामाङले ४९ केजीमा, मुना राईले ५२ केजीमा, रोनिका पराजुलीले ५५ केजीमा, विनिता थापामगरले ४९ केजीमा र डोल्मा गुरुङले ८४ केजीमा प्रतिस्पर्धा गर्नेछन् ।

पुरुषतर्फ सुनिल महतोले ५४ केजीमा, तेन्जिङ दावा तामाङले ४९ केजीमा, अनिल खड्काले ६३ केजीमा, रोशन घिसिङले ४९ केजीमा, निर्मल लामाले ५८ केजीमा, साहिल दोङले ४९ केजीमा र रिक्साङ वाइबा तामाङले ५३ केजी तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन् । नेपाली टोलीको प्रशिक्षकमा ईश्वर थापामगर, धनराज तामाङ, सपुत मोक्तान र मोतीलाल घिसिङ छन् ।

उक्त च्याम्पियनसिपमा राष्ट्रिय खेलकुद परिषद्(राखेप) का बोर्ड सदस्य अञ्जन धमलाले निर्णायकको भूमिका निर्वाह गर्नेछन् । त्यस्तै संघकी महासचिव अञ्जु रावत, पुकार केसी, रूपसिंह तामाङ, रजेश बोलाखे, तुलसी थापा मगर र दिलमाया गुरुङले पनि अम्पायरको भूमिका निर्वाह गर्नेछन् ।

# कभर्डहल र क्रिकेट मैदान निर्माणको सम्भाव्यता अध्ययन गरिने



■ प्रभाव संवाददाता

**पोखरा–** प्रदेश खेलकुद परिषद गण्डकीले गण्डकी प्रदेशमा कभर्डहल निर्माण र क्रिकेट खेल मैदान निर्माणको सम्भाव्यता अध्ययन गर्ने भएको छ । परिषदको सोमबार बसेको कार्यकारी समितिको बैठकले सो निर्णय गरेको हो ।

